# नदी/खोला नियन्त्रण तटबन्धन उपभोक्ता संस्था, २०८../.....

# विधान

............. नदी/खोला नियन्त्रण उपभोक्ता संस्था

................ न.पा./गा.पा. वडा नं. ......, कैलाली

# विधान

## प्रस्तावना

प्रदेश सरकार, सुदुरपश्चिम प्रदेशको.............. जिल्ला.........................म.न.पा./न.पा./गा.पा.वडा नं........ भई बग्ने नदी/खोला को नदी कटान तथा बाढी नियन्त्रण गरि स्थानीय कृषकहरुको उत्पादनशील खेती योग्य जमिन बस्ती, कटान बचाउ कार्य गर्न आवश्यकता स्थानिय श्रोत साधनको योजनागत प्रयोग र जनसहभागीता परिचालन गर्न संगठित सहभागिताको आवश्यक्ता महसुस गरिएको, सहयोगी संस्था/समितिहरुबाट भएको........... नदी/खोला नियन्त्रण तटबन्धन प्राविधिक कार्यहरुको मर्मत सम्भार संचालन र निरीक्षणको अभावले दिगो नदी/खोला नियन्त्रण कटान कार्यमा सहयोग पुग्न गाह्रो महसुस भएकोले नदी/खोला नियन्त्रण कार्यको लागि नदी/खोला नियन्त्रणको जैविक तथा वातावरणीय उपायहरुको प्रयोगबाट प्राथमिकता निर्धारण गरि कार्यक्रम गर्ने छ। उपभोक्ताहरुको जीवन स्तरमा नै सुधार ल्याउने उद्देश्यले उपभोक्ता संस्थालाई रोजगारमूलक सबल र सक्रिय पार्ने कुरामा उच्च प्राथमिकता प्रदान गर्दै यो विधान तयार गरिएको छ।

## परिच्छेद १

### प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ**

क) यो विधानलाई नदी/खोला नियन्त्रण तटबन्धन उपभोक्ता समिति को विधान..२०.......... भनिनेछ।

ख) यस विधानलाई सिंचाइ नियमावली २०५६ को दफा ३ को उपदफा ३ बमोजिम दर्ता भई सकेपछि यो विधान लागु हुनेछ।

ग) समिति अस्थाई, प्रत्यक्ष प्रभावित र लाभान्वित उपभोक्ताहरु मध्येबाट गठन गर्नु पर्दछ।

घ) सिंचित क्षेत्रको सट्टा नदी/खोला बाट प्रभावित क्षेत्र सम्झनु पर्दछ।

ङ) नदी/खोला नियन्त्रण तटबन्धन निर्माण कार्यको लागि आवश्यक पर्ने जग्गा उपलब्ध गराउने दायित्व सम्बन्धित उपभोक्ता समितिको हुनेछ।

२. **परिभाषा :**

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस विधान अन्तर्गत

क) संस्था भन्नाले नदी/खोला नियन्त्रण तटबन्धन उपभोक्ता समितिको संस्थालाई जनाउँदछ।

ख) नदी नियन्त्रण तटबन्धन उपभोक्ता समिति भन्नाले यस विधानको दफा ११ मा उल्लेखित दफा अनुसार गठन भएको संचालक समितिलाई जनाउँदछ।

ग) नदी/खोला नियन्त्रण तटबन्धन क्षेत्र भन्नाले नदीको न.पा. को वडा नं. को क्षेत्रलाई जनाउँदछ।

घ) "साधाारण सभा" भन्नाले नदी/खोला कटानबाट प्रभावित यस संस्थाले सदस्यता प्राप्त कृषकको भेलालाई जनाउँदछ।

ङ) "अध्यक्ष" भन्नाले नदी/खोला बाट प्रभावित उपभोक्ता समितिको प्रमुखलाई जनाउँदछ।

च) "उपाध्यक्ष" भन्नाले नदी/खोला बाट प्रभावित उपभोक्ता समितिको उप-प्रमुखलाई जनाउँदछ।

छ) "सचिव" भन्नाले नदी/खोला बाट प्रभावित उपभोक्ता समितिको सचिवलाई जनाउँदछ।

ज) "कोषाध्यक्ष" भन्नाले नदी/खोला बाट प्रभावित उपभोक्ता समितिको सदस्यलाई जनाउँदछ।

झ) "कार्यकारिणी सदस्य" भन्नाले नदीबाट प्रभावित उपभोक्ता समितिका अध्यक्ष, उपाध्यक्ष, सचिव, कोषाध्यक्ष र कार्यकारिणी सदस्यलाई समितिको तर्फबाट कार्य गर्न कुनै दर्जा वा जिम्मेवारी दिएको व्यक्तिहरुलाई जनाउँदछ।

३.  **संस्थाको छाप**

समितिको दैनिक कार्य संचालनको लागि वैधानिकता प्रदान गर्न समितिको आफ्नो कार्यालयको छाप रहने छ । यो छाप गोलो आकारको हुनेछ यो छापमा नदी/खोला नियन्त्रण उपभोक्ता समिति लेखिएको हुनेछ । यसक लम्बाई ३ से.मि. देखि ५ से.मि. हुने छ ।

४. **समितिको कार्यालय**

समितिको कार्यालय...............जिल्ला.......................उ.म.न.पा./न.पा./गा.पा.वडा नं...................................................... को घरमा रहने छ ।

## परिच्छेद २

५. **उद्देश्यहरु**

नदी/खोला नियन्त्रण समितिको मूल उद्देश्य............ जिल्ला भई आएको र उ.म.न.पा./न.पा./गा.पा भई बग्ने नदी/खोला कटान, डुबान गरि क्षति गरिरहेको नदी/खोला लाई योजनागत रुपमा नियन्त्रण गरि गाउँ टोल तथा उर्वरा भूमि, बाटो घाटो बचाउने कार्य गरि स्थानिय पिडित समुदायलाई नदी/खोला नियन्त्रणका स्थानीय श्रोत साधनको प्रयोग गर्न, संगठित सहभागिता परिचालनबाट सहयोगी संस्थाबाट प्राप्त सहयोगको प्राथमिकताको आधारमा लगानी लगाई स्थानीय समुदायले बायो इन्जिनियरिङ्ग प्रविधि, कृषि वन, वातावरणीय सन्तुलन प्रविधिलाई स्थानीय समुदायका समस्या निराकरण कार्यको मर्मत सम्भार, व्यवस्थापन र रेखदेख गर्न, गरिबीका रेखामुनी रहेका जनताहरुलाई रोजगारी मुलक कार्य श्रृजना गरी यी कामहरुको मर्मत सम्भार तथा संरक्षण गर्न संस्थाले आय मुलक कार्यहरु गरि आफ्नो श्रोतको विकास गर्ने कामहरु पनि गर्ने छ । कृषकहरुको आर्थिक स्थितिमा समेत सुधार ल्याउने उद्देश्य लिएको छ ।

क) नदी/खोला नियन्त्रण तटबन्धनका लागि सहयोगी संस्थाबाट प्राप्त सहयोग प्रबिधिलाई योजनागत रुपमा निर्माण संचालन र व्यवस्थापनमा आवश्यक सहयोग पुऱ्याउने ।

ख) नदी/खोला बाट प्रभावित उपभोक्ता सदस्यहरुलाई प्रभावकारी र समानुपातिक ढंगले वितरण गर्ने ।

ग) नदी/खोला नियनत्रण कार्यको निर्माण संचालन मर्मत सम्भार र व्यवस्थापनको लागि आवश्यक श्रोत साधन जुटाउन, नदी नियन्त्रण उपभोक्ताहरुको प्रयासलाई एकत्रित गरि सम्बन्धित निकायहरु संग समन्वय कायम राख्ने ।

घ) वातावरण संरक्षणको लागि आवश्यक गतिविधिहरु संचालन गर्ने ।

ङ)सम्बन्धित दातृ संस्था, संघीय/प्रादेशिक/स्थानीय सरकारी/गैरसरकारी संस्था वा निकाय संग समन्वय कायम गरि नगद/जनश्रम (Payable/Non-Payable) नदी/खोला नियन्त्रण कार्यमा सहयोग जुटाउने ।

च) नदी/खोला नियन्त्रण कटान तटबन्धन उपभोक्ता सदस्यहरुलाई आवश्यक तालिम, गोष्ठि सेमिनारको व्यवस्था गरि ज्ञान शिप र धारणाको विकास गर्ने यस्ता प्रत्येक कार्यमा महिला, दलित, अपाङ्गहरुलाई सहभागी गराइने छ ।

छ) अन्य आवश्यक नदी/खोला नियन्त्रण र नदी/खोला किनार संरक्षण सम्बन्धि सम्पूर्ण कार्यहरु गर्ने ।

ज) सेवा मुलक संस्थाको दायित्वमा गरिब, महिला, अपाङ्ग, दलितलाई श्रृजनशिल रोजगार प्रदान गर्ने, भेदभाव पूर्ण सामाजिक विकृती हटाई सफाई, शिक्षा, बालकुपोषणमा समेत समुचित कार्यहरु गर्ने छ ।

झ) समिति मान्य हुने अवधि निर्माण काल तथा सो को मर्मत सम्भार गर्ने अवधी सम्म मात्र मान्य रहने छ, तर सोका मर्मत सम्भारको सम्पूर्ण जवाफदेहीको जिम्मा उक्त समितिकै हुनेछ ।

## परिच्छेद-३

६ **सदस्यको लागि आवश्यक योग्यता :-**

नदी/खोला कटान क्षेत्र भित्र नजिकमा रहेको जग्गा तथा घर हुने जग्गा धनि तथा घर धनिलाइ संस्थाको सदस्यता

स्वतः प्रदान गर्न सकिने छ ।

**७. सदस्यता शुल्क**

(क) नदी/खोला नियन्त्रण तटबनधन संस्थाले निर्धारण गरे बमोजिम योग्य सदस्यहरुसंग सदस्य शुल्क उठाउन सकिने छ ।

(ख) नदी/खोला नियन्त्रण तटबन्धन कार्यको निर्माण, मर्मत सुधार संचालन र व्यवस्थापनको लागि आवश्यक रकम जुटाउन साधारण सभाले तोकिए बमोजिमको सदस्यता शुल्क बाहेक अन्य पनि सदस्यहरुले तिर्नु पर्नेछ ।

**८. सदस्यताबाट निष्कासन वा निलम्बन**

क) जग्गा धनि वा घर धनि नदी/खोला नियन्त्रण क्षेत्रबाट बसाई सराई गरि अर्को स्थानमा स्थानान्तरण भएमा, जग्गा बेचेमा उक्त व्यक्ति संस्थाको सदस्यबाट स्वतः निष्कासन भएको भनिनेछ ।

ख) संस्थाको विधान तथा नियमावली उल्लघन गरेमा, तिर्नुपर्ने शुल्क दस्तुर नतिरेमा संस्थालाई अहित हुने कार्यमा लागेमा समितिको निर्णय अनुसार निलम्बन गर्न सकिने छ ।

## परिच्छेद - ४

## साधारण सभा र नदी/खोला नियन्त्रण तटबन्धन उपभोक्ता संस्थाको संचालन समिति

**९.साधारण सभा**

क) साधारण सभामा नदी/खोला नियन्त्रण तटबन्धन उपभोक्ता संस्थाको सम्पूर्ण सदस्यहरु समावेश हुनेछन् ।

ख) साधारण सभा एक वर्ष भित्रमा कम्तीमा आवश्यक्ता अनुसार एक पटक बोलाइने छ । साधारण सभा, वर्षात समय पश्चात बोलाइने छ । आवश्यक परेमा अपरझट तरिकाले पनि उल्लेखित भन्दा बढी साधारण सभा बोलाउन सकिने छ ।

ग) साधारण सभाको मिति (तिथि), समय, स्थान, र छलफल गरिने विषय वस्तुहरु नदी/खोला नियन्त्रण कटान तटबन्धन संचालन समितिबाट तय गरिनेछ ।

घ) साधारण सभाको अध्यक्षता संस्थाको अध्यक्षले गर्नेछ । निजको अनुपस्थितिमा उपाध्यक्ष र निज पनि अनुपस्थित रहेमा सभाले मनोनयन गरेको व्यक्तिले गर्ने छ ।

ङ) साधारण सभा बोलाउदा कम्तीमा ७ (सात) दिनको अग्रिम सूचना दिइने छ ।

च) साधारण सभामा ५१% सदस्यहरुको उपस्थितिलाई गण पुरक संख्या मानिने छ ।

छ) गण पुरक संस्था पहिलो पल्ट नपुगेमा ३ दिनको समय दिई दोश्रो पटक साधााण सभा बोलाईने छ । त्यसमा २५% सदस्यको उपस्थितिलाई गण पुरक संख्या मानिनेछ ।

ज) उपस्थित सदस्यहरुको साधारण बहुमतले कुनै निर्णय गरेमा त्यसलाई बैध मानिनेछ ।

झ) साधारण सभाको अन्य प्रक्रिया गत निर्णयहरु साधारण सभा स्वयले गर्नेछ ।

**१०. साधारण सभाको काम कर्तव्य र अधिकार**

साधारण सभाको काम कर्तव्य र अधिकार निम्नानुसार हुनेछ :-

क) नदी/खोला नियन्त्रण तटबन्धन कार्यको निर्माण व्यवस्थापन र संरक्षणको लागि आवश्यक उपनियम बनाई जारी गर्ने ।

ख) संस्थाको श्रोत विकासको लागि संस्थाले आफ्नो कार्य क्षेत्रमा शुल्क निर्धारण गर्ने । त्यस्तो शुल्क प्रचालित कानुन विपरीत भएमा स्वतः खारेज हुनेछ ।

ग) साधारण सभाका सदस्यहरु मध्येबाट नदी/खोला नियन्त्रण तटबन्धन संचालक समितिको पदाधिकारी चयन गर्ने ।

घ) नदी/खोला नियन्त्रण तटबन्धन उपभोक्ता संस्थाको लेखा परिक्षण प्रतिवेदनको अनुमोदन गर्ने ।

(ङ) पदाधिकारीहरुको सम्बन्धमा कुनै कार्वाही गर्नुपर्ने भए सो को निर्णय गरि सम्बन्धित निकायमा जानकारी गराउने ।

(च) नदी/खोला नियन्त्रण तटबन्धन उपभोक्ता संस्थाको वार्षिक कार्यक्रम स्वीकृत गर्ने ।

(छ) नदी/खोला नियन्त्रण तटबन्धन उपभोक्ता समितिले तयार गरेको बजेट स्वीकृत गर्ने ।

**११. नदी/खोला नियन्त्रण तटबन्धन उपभोक्ता संस्थाको संचालन समितिको निर्माण/गठन**

क) साधारण सभाका सदस्य कृषकहरु मध्येबाट नदी/खोला नियन्त्रण तटबन्धन योजनाको सबै क्षेत्रको प्रतिनिधित्व हुने गरि उपयुक्त व्यक्तिहरु चयन गरि संस्थाको संचालन समितिको निर्माण गरिने छ ।

ख) संचालक समितिमा कम्तीमा ................ जना र बढीमा .......... जना सदस्यहरु रहने छन् । अध्यक्ष, उपाध्यक्ष, सचिव र कोषाध्यक्ष पदाधिकारी र अन्य विषय गत कार्यकारिणी सदस्यहरु हुनेछन् ।

ग) पदाधिकारी तथा कार्यकारिणी सदस्यहरुको पदावधी .......... वर्षको हुनेछ ।

घ) नदी/खोला नियन्त्रण तटबन्धन समितिमा ३३% महिला सहभागिता गराइने छ ।

ङ) नदी/खोला नियन्त्रण तटबन्धन कार्य क्षेत्रको आधारमा सदस्यमा संख्या थप घट गर्न सकिने छ ।

**१२. नदी/खोला नियन्त्रण तटबन्धन उपभोक्ता संस्था संचालन समितिको बैठक**

क) नदी/खोला नियन्त्रण तटबन्धन संचालक समितिको मासिक बैठक एक पटक हुनेछ ।

ख) संचालक समितिको अध्यक्षले आवश्यक ठानेमा आकस्मीक बैठक पनि बोलाउन सक्ने छ । कार्यकारिणी सदस्यहरु मध्ये ५५% वा सो भन्दा बढीले समितिको अध्यक्षलाई लिखित अनुरोध गरेमा पनि संचालक समितिका बैठक बोलाईने छ ।

ग) सचिवले अध्यक्षको सिफारिस अनुसारको समय, मिति र ठाउँमा समितिको बैठक बोलाउने छ ।

घ) समितिले बैठकको सभापतित्व समितिको अध्यक्षले गर्नेछ । उहाँको अनुपस्थितिमा उपाध्यक्षले र उपाध्यक्षको पनि अनुपस्थितिमा उपस्थित सदस्यहरुले चयन गरेको सदस्यले सभापतित्व गर्ने छन् ।

ङ) बैठकमा न्यूनतम गण पुरक संख्याको लागि ५१% भन्दा बढी कार्यकारिणी सदस्यहरुको उपस्थिति हुनु आवश्यक छ ।

च) सबै कार्यकारिणी सदस्यहरुलाई बैठकबारे ७ दिन अगाडी नै जानकारी दिनु पर्नेछ ।

छ) दोश्रो पटक बोलाएको समितिको बैठकमा २५% मात्र सदस्य उपस्थित भएमा पनि बैठक बस्न सक्ने छ ।

ज) बैठकमा साधारण बहुमतको निर्णय मान्य हुनेछ ।

झ) बैठक सम्बन्धित अन्य कार्यविधि बारे आवश्यक निर्णय समिति स्वयले गर्नेछ ।

**१३. नदी/खोला नियन्त्रण तटबन्धन उपभोक्ता संचालक समितिको काम, कर्त्तव्य र अधिकार :**

नदी/खोला नियन्त्रण तटबन्धन उपभोक्ता संचालक समितिको काम, कर्त्तव्य, अधिकार निम्नानुसार हुने छन् ।

क) संस्थाको वार्षिक कार्यक्रम र आर्थिक विवरणहरु साधारण सभामा पेश गर्ने ।

ख) साधारण सभाबाट पारित योजना र कार्यक्रमलाई कार्यान्वयन गर्ने गराउने ।

ग) उपरोक्त योजना तथा कार्यक्रमहरु कार्यान्वयनको लागि संस्थाको आर्थिक श्रोतबाट आवश्यक बजेटको व्यवस्था मिलाउने ।

घ) संस्थाको नामबाट हुने अन्य सम्पूर्ण कार्यहरु सम्पादन गर्ने ।

ङ) संस्थाको कार्य सम्पादन गर्ने कार्यकारिणी सदस्य वा संस्थाको सदस्यलाई अधिकार प्रत्यायोजन गर्ने ।
च) साधारण सभा नबसुन्जेलका लागि रिक्त पदहरुको पदपूर्ती गर्ने संगठनका सदस्यहरुलाई मनोनयन गर्ने ।

नदी/खोला नियन्त्रण तटबन्धन उपभोक्ता संस्था संचालक समितिको कार्यकारिणी सदस्यहरु :-

| क.स. | पद | ठेगाना | हस्ताक्षर | मो.नं |
|---|---|---|---|---|
| १ | अध्यक्ष | | | |
| २ | उपाध्यक्ष | | | |
| ३ | सचिव | | | |
| ४ | कोषाध्यक्ष | | | |
| ५ | सदस्य | | | |
| ६ | सदस्य | | | |
| ७ | सदस्य | | | |
| ८ | सदस्य | | | |
| ९ | सदस्य | | | |
| १० | सदस्य | | | |
| ११ | सदस्य | | | |

**१४.समितिका कार्यकारिणी सदस्यहरुको लागि काम, कर्तव्य र अधिकारहरु :**

**क) अध्यक्षको काम, कर्त्तव्य र अधिकार**

- साधारण सभा र समितिको बैठकको अध्यक्षता गर्ने ।
- समितिको बैठकको मिति, समय, ठाउँ र विषय गर्ने ।
- समितिको बैठकमा कुनै विषयमा मत विभाजन भई पक्ष र विपक्षमा बराबर मतबाँडीन गएमा निर्णायक मतको प्रयोग गर्ने ।
- संस्थाको प्रतिनिधित्व गर्ने वा प्रतिनिधित्व गर्ने पदाधिकारी वा कार्यकारिणी सदस्यको चयन गर्ने ।
- समितिको आकस्मीक सदस्यलाई क्रियाशील बनाउने र तिनीहरुको गतिविधिमा समन्वय ल्याउने ।
- संचालक समितिका सदस्यलाई क्रियाशिल बनाउने र तिनीहरुको गतिविधिमा समन्वय ल्याउने ।
- सेवा निकायका कार्यक्रमहरुमा समन्वय गराउने ।
- दिगो नदी/ खोला नियन्त्रणका प्रविधिहरुको कार्यान्वयन गर्ने गराउने ।

**ख) उपाध्यक्षको काम, कर्त्तव्य र अधिकार**

- अध्यक्षका काम सम्पादनमा सघाउनु ।
- अध्यक्षको अनुपस्थितीमा उनको सम्पूर्ण अधिकार प्रयोग गरि कार्य सम्पादन गर्ने गराउने ।

**ग) सचिव**

- नदी/खोला नियन्त्रण तटबन्धन उपभोक्ता संचालक समितिको निर्णय अनुसार साधारण सभा बोलाउने ।
- अध्यक्षको आदेश अनुसार समितिको बैठक बोलाउने ।
- समितिको बैठकमा भएका निर्णयहरु र माईन्यूटको रेकर्ड अध्यावधिक राख्ने ।
- साधारण सभा समक्ष संस्थाको वार्षिक प्रगति प्रतिवेदन प्रस्तुत गर्ने ।

- समितिको बैठकमा लिइएका निर्णयहरुलाई प्रमाणित गर्न उपस्थित सदस्यहरुको दस्तखत संकलन गर्ने ।
- संस्थाको विधान, नीति र निर्णयहरु अनुरुप समितिको तर्फबाट पत्राचार गर्ने ।
- अध्यक्षद्धारा निर्देशित अन्य कार्यहरु सम्पादन गर्ने ।
- संस्थाको हितको लागि सचिवलाई उनको काम, कर्त्तव्य सम्पादनमा संघाउने ।
- सचिवको अनुपस्थितिमा उनको काम, कर्त्तव्य र अधिकारको प्रयोग गर्ने ।

**घ) कोषाध्यक्ष**

- संस्थाको नगद र जिन्सी सम्पत्तीको जिम्मेवारी लिने र त्यसको अध्यावधिक रेकर्ड राख्ने ।
- संस्थाको वाषिृक बजेट तयार गरि समितिमा पेश गर्ने ।
- संस्थाको आय व्ययको हर हिसाब राख्ने ।
- सदस्यता शुल्क, जरिवाना, चन्दा, चुङ्गी र अन्य शुल्कहरु उठाउने ।
- संस्थाको आर्थिक कारोबारमा निगरानी र नियन्त्रण गर्ने ।

**ङ) कार्यकारिणी सदस्य संस्थागत विकास**

- संस्थागत विकाससंग सम्बन्धित उपसमितिको अध्यक्षता गर्ने ।
- नदी/खोला नियन्त्रण तटबन्धन संस्थासंग सम्बन्धि समस्याहरुबारे वास्तविक जानकारी लिई तिनको समाधानको लागि संचालक समितिलाइ्र सहयोग पुऱ्याउने ।
- नदी/खोला नियन्त्रण तटबन्धनसंस्थासंग सम्बन्धित नदी/खोला नियन्त्रण संस्था संचालक समितिलाई विभिन्न उपसमितिहरुको गठन र तिनीहरुको परिचालनमा मद्दत गर्ने ।
- नदी/खोला नियन्त्रण तटबन्धनको योजनामा आवश्यकता अनुसार उपभोक्ता तथा सम्बन्धित कार्यालय संग सल्लाह गरि संगठनलाई सघाउने ।
- संस्थागत विकास सम्बन्धि विभिन्न निकायहरुबाट तालिम प्राप्त गर्नु र सिकेका ज्ञान र सीप अन्य उपभोक्ताहरुलाई जानकारी दिने ।

**च) कार्यकारणी सदस्य तालिम तथा समन्वय**

- तालिम तथा समन्वय उपसमितिको अध्यक्षता गर्ने ।
- सबै उपसमितिहरुको क्रियाकलापलाई मूल समितिको कार्यक्रमसंग तालमेल मिलाउने ।
- समितिको क्रियाकलापमा सघाउने सहयोगी निकायहरुको कार्यक्रम बीच समन्वय कायम गर्न कोशिश गर्ने ।
- समितिलाई तालिम आवश्यकता पहिचान गर्न, योजना बनाउन, कार्यान्वियन गर्न र तालिम कार्यक्रमहरुको मूल्याकन गर्नान सघाउने ।

## परिच्छेद-५

## वित्तीय र श्रोत व्यवस्थापन

**१५. आम्दानीका श्रोतहरु :**

नदी/खोला नियन्त्रण तटबन्धन उपभोक्ता संस्थाको आम्दानीको निम्न श्रोतहरु हुन सक्छन् ।

क) सदस्यता शुल्क ।
ख) नदी/खोला नियन्त्रण तटबन्धन सेवा शुल्क ।
ग) सदस्यहरुबाट असुल गरिएका जरिवाना र अन्य शुल्कहरु ।
घ) संस्थाले विभिन्न व्यक्ति वा निकायबाट प्राप्त गरेको आर्थिक सहयोग, अनुदान आदि ।

ङ) संस्थाले विभिन्न वित्तिय श्रोतहरुबाट प्राप्त गर्ने ऋण रकम ।

**१६. चालु र स्थिर सम्पत्तीको हरहिसाब राख्ने :-**

संस्थाको विधान बमोजिम चालु र स्थिर पूँजीको हरहिसाब नदी/खोला नियन्त्रण तटबन्धन उपभोक्ता संस्था संचालक समितिको निर्देशन अनुसार राखिनेछ । अचल सम्पत्तीको तथ्याङ्क पनि समितिको सिफारिस अनुसार राखिनेछ ।

**१७. कोष**

नदी/खोला नियन्त्रण तटबन्धन उपभोक्ता समितिको कार्यहरु सम्पादन गर्न एउटा कोष खडा गरिने छ । समितिको नाउँमा प्राप्त हुने सबै आम्दानी यसै कोषमा जम्मा गरिने छ । समितिको कार्यहरुमा लाग्ने सम्पूर्ण खर्च पनि यसै कोषको प्रयोग गरि खर्च गरिने छ । यस कोषको संचालन समितिको अध्यक्ष,सचिव र कोषाध्यक्ष ले खाता संचालन गर्ने छन् । कुनै कार्यालय संघ संस्था सँग गरेको सम्झौता बमोजिम प्राप्त कोषको परिचालन उक्त संस्था नियमावली अनुरुप समेत स्पष्ट हिसाब देखिने गरि राख्नु पर्नेछ ।

**१८. लेखा परिक्षण**

क) प्रचलित कानुन बमोजिम मान्यता प्राप्त लेखा परिक्षकबाट संस्थाको आर्थिक कारोबारको वार्षिक लेखा परिक्षण गराइने छ ।

ख) साधारण सभालाई लेखा परिक्षण प्रतिवेदनको पुनरावलोकन र अनुमोदनको अधिकार रहनेछ । यदि प्रतिवेदनमा अनियमितता भेटिन्छ भने साधारण सभाले नदी/खोला नियन्त्रण तटबन्धन उपभोक्ता संचालक समितिलाई सच्याउन आदेश जारी गर्नेछ । संस्थाको हर हिसाब र लेखा परिक्षण प्रतिवेदन आर्थिक वर्ष समाप्त भएको १५ दिन भित्रमा कार्यालयमा बुझाउनु पर्नेछ । साधारण सभाबाट लेखापरिक्षण प्रतिवेदन अनुमोदन भएपछि मात्र संस्था सँग भएको हर हिसाब फर फारक तर्फ कार्वाही हुनेछ ।

१९. कुनै कार्यालय संघ/संस्था सँग नदी/खोला नियन्त्रण तटबन्धनको लागी रकम प्राप्त गर्न सम्झौता गर्नु अगाडी उक्त नदी/खोला नियन्त्रण गर्ने क्षेत्रका स्पष्ट पहिचान गरि समितिले उक्त नदी/खोला नियन्त्रण तटबन्धन कार्यको सम्बन्धमा आफुले गर्ने समेत तथा गरिसकेको कार्यको स्पष्ट विवरण सम्झौता गर्न लागिएको कार्यालयमा पेश गर्नुपर्नेछ ।

## परिच्छेद-६

**विविध**

**२०. चुनाव**

साधारण सभाका सदस्यहरुले नदी/खोला नियन्त्रण तटबन्धन उपभोक्ता संस्था संचालक समितिको पदाधिकारीहरु र कार्यकारिणी सदस्यहरुको चयन गर्नेछन् ।

**२१. समितिको सदस्यताको लागि अयोग्यता**

कुनै सदस्य मानसिक रुपमा अस्वस्थ वा शारीरिक रुपमा अपाङ्ग भएको कारणले कार्य गर्न असमर्थ छ भन नदी/खोला नियन्त्रण तटबन्धन उपभोक्ता संस्था संचालक समितिको सदस्यता ग्रहण गर्न अयोग्य ठहर गरिने छ ।

**२२. अविश्वासको मत**

क) यदि समितिको कुनै पदाधिकारी वा कार्यकारिणी सदस्य विरुद्ध साधारण सभाका ५१% भन्दा बढी सदस्यहरुले उक्त पदाधिकारी वा सदस्यले आफुलाई दिएको जिम्मेवारी ईमान्दारीसँग निभाउन असक्षम भएको दावी गर्दै निवेदन दिएमा उक्त निवेदन अनुसार साधारण सभाको उपस्थित सदस्य मध्ये दुई तिहाईको बहुमतले समर्थन समेत गरिएमा उक्त कार्यकारिणी सदस्यलाई आफ्नो ओहदामा बस्ने अधिकार रहने छैन ।

ख) साधारण सभामा माथि उल्लेखित निर्णय गर्नु अगाडी त्यस व्यक्ति (जसको विरुद्ध निवेद परेको छ) लाई आफ्नो बिरुद्ध लागेको आरोपको सफाई पेश गर्ने मौका दिनु पर्छ ।

**२३. राजीनामा**

कुनै पदाधिकारी वा कार्यकारिणी सदस्यले स्वेच्छाले आफ्नो पदबाट समितिको अध्यक्ष समक्ष राजिनामा पेश गरेमा सो राजिनामा स्वीकृत गर्ने वा नगर्ने अधिकार साधारण सभालाई रहने ।

**२४. नदी/खोला नियन्त्रण तटबन्धन उपभोक्ता संस्था संचालक समितिको सदस्यबाट निष्काशन**

समितिको कुनै पदाधिकारी वा कार्यकारिणी सदस्यले बिना पूर्व सूचना साधारण सभाको एकवटा बैठकमा वा समितिको चारवटा बैठकमा लगातार अनुपस्थित रहेमा निजको सदस्यता स्वतः खारेज हुनेछ ।

**२५. संशोधनको अधिकार**

यो विधान सिंचाई नियमावली २०५६, अनुसार संशोधन गर्न सकिनेछ । संशोधित विधानलाई साधारण सभाको दुई तिहाई बहुमतले पारित गराउनु पर्नेछ । सम्बन्धित निकायको स्वीकृती प्राप्त पछि संशोधित विधान लागु हुनेछ ।

**२६. विनियम संशोधनको अधिकार**

नदी/खोला नियन्त्रण तटबन्धन उपभोक्ता संस्था प्रभावकारी ढंगले संचालन गर्ने, समितिले संस्थाको विनियम बनाउन, संशोधन गर्न र लागु गर्न सकिने छ ।

**२७. सम्झौता गर्ने अधिकार**

नदी/खोला नियन्त्रण तटबन्धनका आवश्यक कार्यहरु गर्न र संघीय/प्रादेशिक वा स्थानीय सरकारी/गैरसरकारी संस्था वा निकाय संग नगद/जनश्रम (Payable/Non payable) कार्यको लागि सम्झौता गर्न सकिने छ ।

**२८. दण्ड सजायहरु लागु गर्ने अधिकार**

समितिको अधिकार हानी नोक्सानी रोक्न विभिन्न प्रकारका दण्ड, सजाय, जरिवाना वा सदस्यताबाट निलम्बन आदि व्यवस्था लागु गर्न सक्नेछ ।

**२९. खारेजी र बचाउ**

क) विधान विपरीत काम गरेमा यो उपभोक्ता संस्थाः खारेज हुनेछ ।

ख) अधिकार प्राप्त व्यक्तिले आवश्यक ठानेमा नियम परिधि भित्र संस्थालाई खारेजीबाट बचाउन सकिनेछ ।

ग) जलस्रोत तथा सिंचाइ विकास डिभिजन कार्यालय, कैलालीले यस संस्थामा परेको विवादमा दिएको निर्णय अन्तिम हुनेछ ।

**..............................नदी/खोला नियन्त्रण उपभोक्ता समितिको कार्यालयको छाप निम्न अनुसार हुने छ ।**

